# समुदायमा आधारित चोरी सिकार नियन्त्रण

■ राजेश बिष्ट*, शान्ति श्रेष्ठ** र सविता श्रेष्ठ***

## पृष्ठभूमि

स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा सञ्चालन गरिएका कार्यक्रमहरू धेरै हदसम्म सफल भएको कुरा विभिन्न अनुभवहरूले देखाएका छन् । विशेष गरी कुनै पनि काममा नीति निर्माणदेखि कार्यान्वयन तहसम्म समुदायको प्रत्यक्ष संलग्नता रहेको कार्यक्रमले उनीहरूमा अपनत्वको भावना सिर्जना हुने तथा जिम्मेवारी बोध भई स्वस्फुर्त रूपमा उक्त कार्यप्रति उत्प्रेरित भई लागिपर्ने गरेको पाइन्छ । समुदायको सहभागितालाई आधार मानेर बनाइएका कार्यक्रमहरू सञ्चालन गर्दा समग्रमा कार्यक्रमको लागत कम हुने गर्छ । समुदायकै मानिसको परिचालन हुने हुनाले थप जनशक्तिको आवश्यकता पनि पर्दैन भने स्थानीय स्तरबाट निर्धारित नीतिनियमहरू लागू गराउन समुदाय ज्यादै प्रभावकारी पनि हुन्छ । हालसम्मको व्यवस्थापन पद्धतिको विश्लेषण गर्दा, प्राकृतिक स्रोत संरक्षणमा स्थानीय जनताबीचको अन्तर्सम्बन्ध देखिएको छ । साथै संरक्षण कार्यमा समुदायको योगदान पनि महत्वपूर्ण रहँदै आएको पाइन्छ । प्राकृतिक स्रोत संरक्षणका क्रममा, संरक्षण पद्धति आफ्नो पक्षमा नभएको खण्डमा स्थानीय जनताले अवरोध खडा गरेका उदाहरणहरू पनि थुप्रै पाइन्छन् । सामुदायिक वन, मध्यवर्ती क्षेत्र व्यवस्थापन, एकीकृत जलाधार व्यवस्थापनजस्ता कार्यक्रमको सफलताको मुख्य कारण पनि यही मान्यता हो भन्ने रहेको छ । यी कार्यक्रममा स्थानीय बासिन्दालाई आफ्नो स्रोतको आफैंले संरक्षण, उपयोग तथा व्यवस्थापन गर्न दिइएको स्थानीय स्वामित्व तथा नेतृत्वको अवसर हो । यस्ता कार्यमा अवरोध खडा गर्ने व्यक्तिहरू पनि समुदायकै हुने हुँदा यदि समुदायलाई नै संरक्षणको जिम्मेवारी हस्तान्तरण गरियो भने उक्त स्रोतको दुरुपयोग हुने सम्भावना पनि घट्न जान्छ भने संरक्षणमा प्रभावकारिता बढ्दै जान्छ । समुदायमा आधारित चोरी सिकार नियन्त्रण कार्यक्रम पनि यस्तै एक उदाहरण हो । यो लेख, सन् २००९ को जुनदेखि डिसेम्बर (६ महिना) सम्म बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रस्थित चोरी सिकार नियन्त्रणमा स्थानीय समुदायको सहभागिता शीर्षकमा गरिएको अनुसन्धानलाई आधार बनाएर तयार पारिएको छ । यस लेखलाई विशेषत: तिन खण्डमा विभाजन गरिएको छ, जसअन्तर्गत पहिलो खण्डमा मध्यवर्ती क्षेत्र र समुदायमा आधारित चोरी सिकार नियन्त्रणको अर्थ प्रस्ट्याउन खोजिएको छ भने दोस्रो खण्डमा यसको महत्व, गतिविधि तथा चुनौती र अवसरलाई प्रस्तुत गरिएको छ । यसैगरी अन्तिम खण्ड निष्कर्ष तथा आगामी कार्यदिशासँग सम्बन्धित रहेको छ ।

## अवधारणाको विकास

नेपालका संरक्षित क्षेत्रहरूमा वन्यजन्तुहरूको संरक्षणको इतिहासलाई हेर्दा, राणाकालमा चितवनका गैंडा संरक्षणका लागि गरिएको गैंडा गस्तीलाई नै चोरी सिकार नियन्त्रणका निम्ति गरिएको प्रथम प्रयास मान्न सकिन्छ । सन् १९७३ को राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनपछि नेपाली सेनाद्वारा राष्ट्रिय निकुञ्जको सुरक्षा गर्न थालियो । समुदायमा आधारित संरक्षणको अवधारणा भने सन् १९८२ मा भएको विश्व राष्ट्रिय निकुञ्ज सम्मेलनबाट सुरु भएको पाइन्छ । नेपालमा समुदायमा आधारित चोरी सिकार नियन्त्रण कार्यक्रमको अवधारणा संस्थागत रूपमा सन् २००१ देखि विकास हुँदै आएको छ (WWF 2002) । विशेष गरी संरक्षित क्षेत्रबाट प्रभावित वरपरको ठाउँमा मध्यवर्ती व्यवस्थापनसँगै ल्याइएको मध्यवर्ती सामुदायिक वन विकास कार्यक्रमपछि यस्ता क्षेत्रमा वन्यजन्तुको संख्यामा पनि उल्लेखनीय रूपमा वृद्धि हुन थाल्यो । संगसंगै वन्यजन्तुको चोरी सिकारको क्रम पनि बढ्न थालेको कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् । फलस्वरूप यस्ता कार्यलाई निरुत्साहित गर्न मध्यवर्ती क्षेत्रका युवाहरू यस विषयमा

जागरुक हुन थाले र आफैंले आफ्ना वन्यजन्तुको सिकार रोक्न संगठित भए । यसरी युवाहरू संगठित भएर लाग्नुमा संरक्षित क्षेत्रबाट प्राप्त राजस्वको ३० देखि ५० प्रतिशत रकम मध्यवर्ती क्षेत्रको विकासमा खर्च गरिनुको कारण हो भन्ने पनि पाइन्छ । यद्यपि कतिपय समूहहरू भने यो अवधारणाको विकास हुनुभन्दा पहिलेबाट नै वन्यजन्तुको चोरी सिकारविरुद्धको अभियानमा लागेको पाइन्छन् ।

## चोरी सिकार नियन्त्रणमा समुदायको संलग्नता

समुदायमा आधारित प्राकृतिक स्रोतको संरक्षण तथा व्यवस्थापनसँगै वन्यजन्तुको चोरी सिकार नियन्त्रण पनि स्थानीय समुदायद्वारा सञ्चालित एक कार्यक्रम हो । यसको मुख्य उद्देश्य भनेको मध्यवर्ती क्षेत्रमा अवैध रूपले हुने गरेका वनपैदावारको संकलन, चरीचरन, वन क्षेत्रको अतिक्रमण तथा वन्यजन्तुको चोरी सिकार नियन्त्रण गर्नु हो । साथै राष्ट्रिय निकुञ्ज तथा वरिपरिका मध्यवर्ती क्षेत्र र सामुदायिक वनहरूमा हुने गरेका चोरी सिकारविरुद्ध समुदायद्वारा सञ्चालन गरिएको एउटा अभियान हो (Shrestha 2009) । विशेषतः स्थानीय जनसमुदायको सक्रिय सहभागिता अभिवृद्धि गर्दै मध्यवर्ती क्षेत्रका सामुदायिक वन, कोरिडोर क्षेत्र, राज्यद्वारा व्यवस्थापन गरिएका वनजंगल तथा प्राकृतिक स्रोतमा उनीहरूलाई नै संरक्षक तथा व्यवस्थापक बनाउने र यसबाट प्राप्त लाभांशलाई न्यायोचित तबरले वितरण गर्ने उद्देश्यका साथ यो कार्यक्रम सञ्चालन गरिएको हो (TAL 2003) ।

सरकारको साझेदारीमा सञ्चालित तराई भूपरिधि कार्यक्रम (TAL) को परियोजनाअन्तर्गत थालनी गरिएको हुँदा यस कार्यक्रमलाई अप्रत्यक्ष रूपमा सरकार तथा परियोजनाको अवधारणाको रुपमा मान्न सकिन्छ । सरकारी निकायका पदाधिकारीहरू भने यो कार्यक्रमलाई राष्ट्रिय निकुञ्जकै संरक्षण कार्यको एउटा नयाँ रणनीतिका रूपमा मान्दछन् । यस्ता कार्यक्रमहरू परियोजनाको हितका लागि बनेका भए तापनि अन्ततः यसको उद्देश्य स्रोतको संरक्षण तथा व्यवस्थापन गर्नु रहेको छ । धेरैजसो यस्ता समूहहरू राष्ट्रिय निकुञ्जको सक्रियतामा गठन भएका छन् भने कतिपय समूहहरू बसौंदेखि स्वस्फुर्त रूपले संगठित भई सरकारलाई संरक्षण कार्यमा सघाउन लागिपरेका छन् । यस्ता समूहमा विशेष गरी समाजका सचेत युवावर्ग, पढेलेखेका तर रोजगारीको अभावमा गाउँमा बसेका युवाहरूको संलग्नता बढी देखिन्छ । आर्थिक दृष्टिले सम्पन्न व्यक्तिहरू कमै मात्रामा समूहमा सहभागी भएको पाइन्छ । विशेष गरी तराईका संरक्षित क्षेत्रको विश्लेषण गर्दा मधेसी जनजातिको संलग्नता बाहुन, क्षेत्रीजातिको भन्दा बढी देखिन्छ भने महिला पनि कम सक्रिय छैनन् । विशेष गरी वनमा घाँसदाउरा गर्न महिला नै बढी जानुपर्ने भएकाले यो अभियानमा उनीहरूको भूमिका महत्वपूर्ण देखिएको छ ।

## अभियानका गतिविधिहरू

समुदायमा आधारित चोरी सिकार नियन्त्रण कार्यक्रमले मध्यवर्ती तथा संरक्षित क्षेत्रवरपर वन्यजन्तुको चोरी सिकार नियन्त्रणमात्र नभई अन्य थुप्रै गतिविधिहरू सञ्चालन गरेको छ, जसअन्तर्गत अवैधरूपमा गरिने काठदाउरा चोरी निकासी तथा गैरकाष्ठ वनपैदावारको संकलन, वन अतिक्रमणको रोकथाम, आगलागी नियन्त्रण, चरीचरन नियन्त्रण तथा व्यवस्थापन, विषादी प्रयोग गरी माछा तथा अन्य जलचर मार्न निरुत्साहित गर्नेजस्ता विभिन्न सिर्जनशील कार्यक्रमहरू पर्दछन् । कार्यक्रमलाई अझ प्रभावकारी ढंगबाट कसरी अगाडि बढाउने भन्नेबारे समयसमयमा समूहका सदस्यहरूबीच अन्तर्क्रिया तथा बैठक बस्ने गर्दछन् । यस अभियानद्वारा गरिंदै आएका गतिविधिलाई मुख्य गरी तीन भागमा विभाजन गरिएको छ :

(१) **सूचना संकलन तथा निगरानी :** समुदायमा आधारित चोरी सिकार नियन्त्रण कार्यक्रमको प्रमुख कार्य सूचना संकलन तथा निगरानी हो । समुदायका सदस्य आफ्नो गाउँठाउँ वा समुदायमा कुनै शंकास्पद व्यक्ति आएमा चनाखो भई त्यसका क्रियाकलापमाथि नजर राख्ने गर्छन् । आफ्नो नजिकैको सामुदायिक वा सरकारी वनमा कुनै अनुचित कार्य, जस्तै : काठदाउराको चोरी निकासी, जडीबुटी तथा दुर्लभ वनस्पतिको संकलन, वन्यजन्तुको चोरी निकासीजस्ता क्रियाकलाप भइरहेको सुराकी पाएमा उक्त टोलीले सम्बन्धित कार्यालय (जिल्ला वन कार्यालय वा राष्ट्रिय निकुञ्ज) लाई सूचना पुऱ्याउँछ, जसका आधारमा त्यस्ता क्रियाकलापलाई समयमै रोक्न अनि

अपराधीलाई पक्रन मद्दत पुग्छ । यसका लागि यो कार्यक्रमअन्तर्गतको एकाइले गोप्य रूपमा विभिन्न सञ्जाल पनि तयार पारेको छ ।

(२) **नियमित निरीक्षण वा गस्ती :** यस अभियानअन्तर्गतका एकाइले समयसमयमा राष्ट्रिय निकुञ्जका कर्मचारीसँग मिलेर संयुक्त गस्ती गर्ने गर्छन् । साथै जंगलमा कुनै अवैध क्रियाकलाप भएको जानकारी पाएमा वा कुनै वन्यजन्तु घाइते वा मृत अवस्थामा रहेको जानकारी प्राप्त भएमा आकस्मिक गस्ती गर्ने गर्छन् । यसका अतिरिक्त अवैध कार्यको यकिन जानकारी वा सुराकी पाएमा अथवा शंकामात्र पनि लागेमा कुरुवा मार्फत् अपराधीलाई पक्राउ गर्न लुकेर (एम्बुस) गस्ती गर्ने गर्छन् ।

(३) **जनचेतना अभिवृद्धि :** जनचेतनाको कमी अर्थात् जैविक विविधताको संरक्षण गर्नुपर्छ भन्ने ज्ञानको अभावले गर्दा पनि जनसमुदायले अनजानमै आफ्नो प्राकृतिक स्रोतमा क्षति पुऱ्याइरहेका हुन्छन् । तसर्थ समुदायमा आधारित चोरी सिकार नियन्त्रण कार्यक्रमद्वारा स्थापित एकाइले संरक्षणका निम्ति कानुनदेखि लिएर प्राकृतिक स्रोतको संरक्षणको महत्वका साथै अवैध कार्य गरेबापत दिइने दण्डसजायबारे समुदायलाई जानकारी दिने गर्छन् । यस कार्यक्रमअन्तर्गत उनीहरूले सडक नाटक, पर्चा वितरण, रेडियो कार्यक्रम, लोकगीत, ऱ्यालीलगायतका माध्यमबाट जनचेतना अभिवृद्धि गर्दै आएका छन् ।

यसरी गरिएको गतिविधिलाई विश्लेषण गर्दा (Shrestha 2009) देखिन्छ भने ५५ प्रतिशतले यसलाई सफल कार्यक्रमका रूपमा लिएका, त्यसैगरी १०० प्रतिशत मध्य ६५ प्रतिशतले चोरी सिकार तथा अनैतिक क्रियाकलापमा पनि कमी आएको बताएका छन् । त्यसैगरी श्रेष्ठको आधारमा निम्न कोष्ठामा रहेको बुँदाहरूलाई यो कार्यक्रमको उपलब्धिका रूपमा व्याख्या गर्न सकिन्छ :

- समुदायमा आधारित चोरी सिकार नियन्त्रण कार्यक्रमले तराई भूपरिधि क्षेत्रमा १०३ हेक्टर अतिक्रमित जग्गा खाली गर्न मद्दत गऱ्यो । चरा र जनावरका लागि थापिएको १६३ थान जाल नष्ट गर्नुका साथै ५४६२ क्यु. फिट काठ तस्करी हुनबाट जोगायो (MoFSC 2006) ।
- समुदायमा आधारित चोरी सिकार नियन्त्रण कार्यक्रमद्वारा प्रदान गरिएको सूचनाका आधारमा बर्दिया राष्ट्रिय निकुञ्जमा गैंडा चोरी सिकार अनि अवैध व्यापारमा संलग्न ६ अभियुक्त पक्राउ गरियो । कञ्चनपुरमा 'दाइजी' नामको सक्रिय युवा समूहले अवैध रूपमा तस्कर गर्न तयार राखिएको एक ट्याक्टर काठ जफत गरी जिल्ला वन कार्यालयलाई बुझाएको थियो । बर्दिया रा.नि.मा रहेको झिलमिलाफाँटा र रौटेलीबिछुवामा गरी ३९ हेक्टर अतिक्रमित जग्गा खाली गर्न मद्दत गऱ्यो । समूहले बाघका लागि थाप्ने २५ थान फलामे पासो नष्ट गर्नुका साथै तीन सिकारीलाई भगाएको थियो (WTLCP 2008) ।
- बर्दिया राष्ट्रिय निकुञ्जको खाता कोरिडरमा अवस्थित समूहले हातहतियार र पासोसहित चार सिकारीलाई पक्राउ गऱ्यो । बर्दिया राष्ट्रिय निकुञ्ज ठाकुरद्वाराले समुदायमा आधारित चोरी सिकार नियन्त्रण कार्यक्रमको मद्दतले गैंडाको खाग, बाघको हाड र ३ थान हतियारसहित ४ जना चोर सिकारीलाई पक्राउ गऱ्यो (WTLCP 2009) ।
- समुदायमा आधारित चोरी सिकारी नियन्त्रण कार्यक्रमको परिचालन पछि समुदायमा जनचेतना अभिवृद्धि भई चोरी सिकारका घटनामा कमी आएको छ । समुदायको सूचनाको आधारमा समयमै अपराध रोक्न सफल भएको तथा वन्य जन्तुको लागि थापिएको पासो, जाल आदि थुप्रै मात्रामा बरामत गरिएको छ । त्यसैगरि सामुदायले आफ्नो खेतबारीमा आउने गरेको जीव जनावर जीवीत नै उद्धार गरि निकुञ्जमा बुझाउने क्रम पनि वृद्धि भएको छ । (Shrestha 2009)

## चुनौतीहरू

समुदायमा आधारित चोरी सिकार नियन्त्रण कार्यक्रमको सफलतासँगै केही चुनौती पनि रहेका छन् । जसको अग्रपंक्तिमा देखिएको चुनौती भनेको यससंग सम्बन्धित नीतिनियमको कमी हो । विशेष गरी स्पष्ट नीतिनियमको व्यवस्था नभएसम्म कुनै पनि कार्यक्रम सफल हुन सक्दैन । नीतिनियमको कमीले गर्दा द्वन्द्व निम्त्याउने तथा प्रभावकारितामा ठूलो प्रश्नचिह्न खडा हुन्छ । त्यसैगरी अर्को मुख्य चुनौती भनेको यसको दिगोपना

हो । कुनै बाह्य संस्थाको सहयोगबिना कसरी यस्ता गतिविधिलाई निरन्तरता दिन सकिन्छ भन्नेबारेमा ठूलै प्रश्न तेर्सिएको छ । यस्ता कार्यक्रमहरू सञ्चालन गर्न स्रोत र साधनको जरुरत पर्छ । आर्थिक स्रोत एवं भौतिक पूर्वाधारको अभावले नै यस कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडि बढाउनमा बाधक बन्दै आएको छ । चोरी सिकार नियन्त्रण गर्ने काम कम चुनौतीपूर्ण छैन । चोरी सिकार नियन्त्रणका लागि गस्तीमा जाँदा यसमा संलग्न व्यक्तिहरूले लाठीलौरोबाहेक कुनै पनि हातहतियार प्रयोग गर्न पाउँदैनन् । उनीहरूको शक्ति भन्नु नै उनीहरूको ठूलो संख्या हो भने वन्यजन्तु तस्करहरू आधुनिक हातहतियारसहित आएका हुन्छन् । यो अभियानमा लाग्नु भनेको एउटा जोखिम पूर्ण काम हो । कुनै पनि व्यक्तिद्वारा प्रदान गरिएको सूचनाका आधारमा पक्राउ परेका अपराधीहरूबाट यो अभियानमा लाग्ने सदस्यहरूलाई समयसमयमा ज्यान मार्ने धम्कीसमेत आउने गरेको पाइयो ।

समूहका धेरैजसो सदस्यहरू कुनै लोभलालचको कारण नभई आफ्नो वन तथा प्राकृतिक स्रोतको संरक्षण आफैले गर्नुपर्छ भन्ने भावनाले स्वयंसेवकका रूपमा सहभागी भएका छन् । Shrestha (2009) ले गरेको अध्ययनमा, ४७ प्रतिशतले वन र वन्यजन्तुको संरक्षणलाई नै कार्यक्रमबाट पाइने फाइदा मानेका छन् भने १९ प्रतिशतले संरक्षण शिक्षा र बढ्दो जागरणका लागि सहभागी भएको बताएका छन् । केहीले संरक्षित क्षेत्रबाट चोरी सिकार नियन्त्रणका लागि समयसमयमा दिइने तालिम तथा अध्ययन भ्रमणलाई कार्यक्रमको आकर्षण भएको बताएका छन् । यसका साथै टुहुरा तथा घाइते वन्यजन्तुलाई राष्ट्रिय निकुञ्जमा बुझाएबापत पाइने सानो पुरस्कार रकमले पनि कतिपय सदस्यहरूलाई यस अभियानमा लाग्न ऊर्जा थपेको पाइयो ।

## अवसरहरू

मध्यवर्ती कार्यक्रमको कानुनी व्यवस्थाअनुसार सम्बन्धित निकुञ्ज तथा आरक्षले गरेको आम्दानीको ३० देखि ५० प्रतिशत रकम मध्यवर्ती क्षेत्रमा खर्च गर्ने प्रावधानले गर्दा चोरी सिकार तथा संरक्षित क्षेत्र व्यवस्थापन गर्ने क्रियाकलापमा स्थानीय जनताको सहभागितालाई प्रोत्साहित गरेको पाइन्छ । स्थानीय बासिन्दाको सहयोग र सहभागिताबिना गरिएका संरक्षणकार्य दिगो नरहने अनुभवलाई आत्मसात गर्दै अहिले आएर जनसहभागितालाई महत्वपूर्ण स्थान दिइदै आएको छ । वन तथा वन्यजन्तुको संरक्षणका निम्ति समुदायलाई नै परिचालन गर्न सकिने सम्भावना देखिएको छ । थुप्रै अध्ययनहरूले वन्यजन्तुको चोरी सिकारमा समुदायकै संलग्नता रहेको कुरा खुलाएका छन् । बेलाबेलामा जंगली जनावरबाट हुने बालीनाली, घर र जिउज्यानको क्षतिका कारण आक्रोशमा आई स्थानीय बासिन्दाले नै वन्यजन्तु मारेका घटना पनि सुन्न पाइन्छ तर यस्तो काम समुदायमा रहेका एकदमै थोरै व्यक्तिमध्येबाट हुने गर्छ । यो अभियानको प्रमुख मान्यता भनेको समुदायबाट हुन सक्ने अपराधलाई समुदायबाटै नियन्त्रण गर्न सकिन्छ भन्ने पनि हो । यही प्रयोजनका लागि पनि समुदायमा आधारित चोरी सिकार नियन्त्रण कार्यक्रमको अवधारणालाई अघि सारिएको पाइन्छ । संरक्षण क्षेत्रभित्रको कुरा गर्दा नेपाली सेनाको सुरक्षासँग स्थानीय बासिन्दाको सुरक्षा पनि थपियो भने संरक्षण कार्यले तीव्र गति पाउने थुप्रै अवसरहरू छन् । संरक्षण क्षेत्रबाहिरका सामुदायिक वनहरू तथा मध्यवर्ती क्षेत्रहरूमा पनि समुदायले वन र वन्यजन्तुको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । तसर्थ स्थानीय स्तरमा यस्तो कार्यक्रम चोरी सिकार नियन्त्रणका लागि सही समाधान हुन सक्छ । स्थानीय जनताको निगरानीमा रहने मध्यवर्ती क्षेत्रमाथि स्थानीय जनताको हक र अधिकारको सुनिश्चितता गर्न सकेका खण्डमा अझ जनसहभागिता प्रगाढ हुँदै जाने देखिन्छ । विशेष गरी राष्ट्रिय निकुञ्जका संरक्षित क्षेत्रको व्यवस्थापनका निमित्त ठूलो आर्थिक भार व्यहोर्नु परेको हुनाले, तोकेको सुरक्षा निकायलाई क्रमैसँग न्यून गर्दै स्थानीय स्तरमा रोजगारीको सिर्जना गरी चोरी सिकार नियन्त्रणमा स्थानीय युवालाई परिचालन गर्न सकिन्छ । समुदायमा आधारित चोरी सिकार नियन्त्रण समूहलाई प्रभावकारी रूपमा परिचालन गर्न सके संरक्षित क्षेत्र तथा स्थानीय जनताबीचको सम्बन्धमा सकारात्मक विकास हुनुका साथै यी दुईबीचको द्वन्द्व पनि न्यूनीकरण हुँदै जाने प्रचूर सम्भावना देखिन्छ ।

## निष्कर्ष

पछिल्लो दशकमा उदाएको सहभागितामूलक चोरी सिकार नियन्त्रण कार्यक्रम चुनौती तथा प्रतिफलका रूपमा देखापरेको छ । यो अभियान संरक्षित क्षेत्र र स्थानीय समुदायबीच विश्वव्यापी रूपमा देखिँदै आएको द्वन्द्वलाई कम गर्ने एउटा नवीनतम उपायको सुरुवात हो भन्न सकिन्छ । विशेष गरी संरक्षण शिक्षा तथा जनचेतना अभिवृद्धिमा समुदायमा आधारित चोरी सिकार नियन्त्रण समूहले महत्वपूर्ण योगदान पुऱ्याएको छ । सुरुमा वन्यजन्तु संरक्षणको निःस्वार्थ भावनाका साथ थालिएको यो अभियानले आज संस्थाको रूप लिएको छ । अहिलेको चुनौती भन्नु नै यसलाई दिगो बनाउनु हो । चोरी सिकार नियन्त्रणका लागि आवश्यक स्रोत र साधनको अभावले यसको क्रियाशीलतालाई सुस्त नबनाओस् भन्ने कुरामा संरक्षण क्षेत्रमा लागेका सबैको ध्यान केन्द्रित हुनु जरुरी छ । समयसमयमा तालिम तथा अध्ययन भ्रमण गराएर पनि यस समूहको क्षमता अभिवृद्धि गराउनुका साथै उचित पुरस्कार, सरसल्लाह, सुझाव तथा स्रोतसाधनको व्यवस्था गरेर यसमा संलग्न व्यक्तिलाई प्रोत्साहित गरिनुपर्छ, जसले गर्दा आफ्ना गतिविधिलाई अझ बढी प्रभावकारी ढंगले लैजान उनीहरूलाई हौसला मिल्दछ । गस्तीमा हिँडेकालाई खाजापानी, बुट, टर्च, बर्सादीजस्ता अत्यावश्यक सामानको व्यवस्था गरिनुपर्छ । यातायातका साधन तथा मोबाइलको बन्दोबस्तले गस्ती र सूचना संकलन र प्रचार प्रसार कार्यलाई अझ प्रभावकारी बनाउन सकिन्छ । समग्रमा भन्नुपर्दा समुदायमा आधारित चोरी सिकार नियन्त्रण कार्यक्रमको संस्थागत सुदृढीकरण हुनु अपरिहार्य छ । यसका लागि दरिलो र दीर्घकालीन आयस्रोतको व्यवस्था भएमा यो कार्यक्रम दिगो रूपमा चल्न सक्छ । संरक्षण क्षेत्रबाट होस् या सामुदायिक वनको आय स्रोतबाट, केही प्रतिशत यस कार्यक्रमका लागि छुट्याउने नीति बन्न सके यो अभियान अझ बढी प्रभावकारी हुने देखिन्छ । यसका अलावा सरकारलगायत विभिन्न बाह्य संस्थाले यस कार्यक्रमका लागि सक्दो भौतिक तथा आर्थिक सहयोग गर्नुपर्छ । यसरी समुदायमा आधारित भएर स्थापना भएको समूह तथा संस्थाको काम, कर्तव्य तथा अधिकारको सुनिश्चितता गर्न सकेको खण्डमा प्रभावकारी रूपमा संरक्षण क्षेत्र व्यवस्थापन गर्न सकिन्छ । विशेष गरी केन्द्रीकृत रूपमा बनाइने नीति तथा कार्यक्रमलाई निरुत्साहित गर्दै स्थानीय समुदायको सहभागिता वृद्धि गर्नु आजको खाँचो हो ।

## सन्दर्भ समाग्री


**MoFSC.** 2006. Annual Progress Report. Terai Arc Landscape - Nepal. Ministry of Forest and Soil Conservation, Government of Nepal.

**Shrestha, S.** 2009. Effectiveness of Community Based Anti Poaching Operation in Biodiversity Conservation: A case from Bardia National Park. Thesis Submitted to Institute of Forestry for B.Sc Degree in Forestry. Pokhara, Nepal.

**TAL.** 2003. Community Based Anti-poaching Operation Guidelines. Terai Landscape Program, WWF Nepal.

**WTLCP.** 2006. Annual Progress Report. Western Terai Landscape Complex Project, Kathmandu, Nepal.

**WTLCP.** 2008. Annual Progress Report. Western Terai Landscape Complex Project, Kathmandu, Nepal.

**WTLCP.** 2009. Annual Progress Report. Western Terai Landscape Complex Project, Kathmandu, Nepal.

**WWF.** 2002. Annual Progress Report. Terai Arc Landscap Nepal. World Wildlife Fund, Kathmandu.


●●●

---

* *विष्ट फरेष्टएक्सनमा कार्यरत हुनुहुन्छ ।*

***श्रेष्ठ त्रिभुवन विश्व विद्यालयमा अध्ययनरत हुनुहुन्छ ।*

****श्रेष्ठ आई.सी.एच.एम.मा कार्यरत हुनुहुन्छ ।*